# प्रदेश राजपत्र

प्रदेश नं. ५, प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ३) बुटवल, रूपन्देही, मंसीर ११ गते, २०७६ साल (अतिरिक्ताङ्क ४६

# भाग ३

## प्रदेश सरकार

## मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सूचना

प्रदेश योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश २०७४ को दफा २३ बमोजिम एक आर्थिक वर्षभन्दा बढी कार्यान्वयन अवधि लाग्ने आयोजना तथा कार्यक्रमहरुलाई स्पष्ट मापदण्डका आधारमा छनौट गरी ठेक्का व्यवस्थापन सम्बन्धी कार्यलाई व्यवस्थित गर्न "बहुवर्षीय आयोजना स्वीकृति तथा ठेक्का सम्बन्धी मापदण्ड, २०७६" मिति २०७६।०७।२६ गते प्रदेश सरकार (म.प.) बाट स्वीकृत भएको व्यहोरा सर्वसाधारणको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

**बहुवर्षीय आयोजना स्वीकृति तथा ठेक्का सम्बन्धी मापदण्ड, २०७६**

**प्रस्तावना :** एक आर्थिक वर्षभन्दा बढी कार्यान्वयन अवधि लाग्ने आयोजना तथा कार्यक्रमहरुलाई स्पष्ट मापदण्डका आधारमा छनौट गरी ठेक्का व्यवस्थापन सम्बन्धी कार्यलाई व्यवस्थित गर्न वाञ्छनीय भएकोले प्रदेश योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश २०७४ को दफा २३ ले दिएको अधिकार प्रयोग गरी प्रदेश सरकारले यो मापदण्ड तयार गरी लागू गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो मापदण्डको नाम "**बहुवर्षीय आयोजना स्वीकृति तथा ठेक्का सम्बन्धी मापदण्ड, २०७६**" रहेको छ ।

(२) यो मापदण्ड तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा र व्याख्याः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस मापदण्डमा:

क) "**आदेश**" भन्नाले प्रदेश योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश २०७४ लाई सम्झनुपर्दछ ।

ख) "**आयोग**" भन्नाले प्रदेश योजना आयोगलाई सम्झनुपर्दछ ।

ग) "**आवधिक योजना**" भन्नाले प्रदेश नं. ५ को प्रथम पञ्चवर्षिय आवधिक योजना लाई सम्झनुपर्दछ ।

घ) "**बहुबर्षीय आयोजना**" भन्नाले आयोजना कार्यान्वयन गर्न एक आर्थिक वर्ष भन्दा बढी अवधि लाग्ने आयोजना तथा कार्यक्रमलाई सम्झनुपर्दछ ।

ङ) "**बहुवर्षीय ठेक्का**" भन्नाले एक आर्थिक वर्ष भन्दा बढी अवधिमा आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्ने गरी गरिएको ठेक्का सम्झौता सम्झनुपर्दछ ।

च) "**मन्त्रालय**" भन्नाले आर्थिक मामिला तथा योजना मन्त्रालयलाई सम्झनुपर्दछ ।

छ) "**सम्बन्धित मन्त्रालय**" भन्नाले आयोजना कार्यान्वयन गर्ने निकायको तालुक मन्त्रालयलाई सम्झनुपर्दछ ।

३. <u>**मापदण्ड तथा आधारहरुः**</u> (१) कुनै आयोजनालाई बहुवर्षीय आयोजनाको रुपमा स्वीकृति प्राप्त गर्न आयोजना प्रस्ताव गर्ने सम्बन्धित मन्त्रालयले देहायका मापदण्ड तथा आधारहरु अवलम्बन गर्नुपर्नेछ ।

क) बहुवर्षीय आयोजनाको रुपमा परिपक्व भएको हुनुपर्नेः यस खण्डको प्रयोजनको लागि परिपक्व आयोजना भन्नाले देहायको मापदण्ड पुरा भएको आयोजना सम्झनुपर्छ ।

अ) विस्तृत आयोजना प्रतिवेदन (Detail Project Report - DPR) तयार भएको,

आ) प्रचलित कानूनबमोजिम आयोजनाको वातावरणीय प्रभाव मूल्यांकन (Environmental Impact Assessment-EIA) र प्रारम्भिक वातावरणीय परीक्षण (Initial Environmental Examination - IEE) गर्नुपर्ने भएमा सो समेत सम्पन्न भएको,

इ) आयोजनाको लागि आवश्यक पर्ने जग्गा व्यवस्थापन सम्बन्धी कार्य सम्पन्न भएको।

ख) मध्यमकालीन खर्च संरचना (MTEF) मा समावेश भएको,

ग) बहुवर्षीय ठेक्का गर्ने आर्थिक वर्षमा कुल लागत अनुमानको कम्तिमा पन्ध्र प्रतिशत बजेट विनियोजन भएको,

घ) वैदेशिक सहायता संलग्न हुने आयोजनाको हकमा नेपाल सरकारको स्वीकृति प्राप्त भई स्रोत सुनिश्चित भएको,

ङ) तीन वर्षभित्र सम्पन्न हुनेगरी योजना तर्जुमा गरिएको,

च) लागत साझेदारीमा सञ्चालन हुने आयोजनाको हकमा साझेदारीको प्रकृति र अनुपात सुनिश्चित भएको,

छ) प्रत्येक वर्ष सञ्चालन हुने क्रियाकलाप र नतिजा खुल्नेगरी खरिद गुरुयोजना तयार भएको,

ज) चालु आ.व. मा श्रोत सुनिश्चित गरी बहुवर्षीय ठेक्का गर्दा सम्बन्धित मन्त्रालयले आगामी आ.व.मा आफ्नो मन्त्रालयलाई प्राप्त हुने बजेट सीमामा समावेश गर्ने गरी सुनिश्चित गरेको,

झ) पाँचकरोड रुपैंया भन्दा बढी लागत अनुमान भएको,

तर, विशेष प्रकृतिका प्राथमिकता प्राप्त आयोजनाको हकमा एक करोड रुपैंया भन्दा माथि पाँच करोड रुपैंया सम्म लागत भएमा आयोगको सहमतिमा बहुवर्षीय आयोजनामा समावेश गर्न बाधा पर्ने छैन् ।

ञ) दिगो विकासका लक्ष्यहरु (SDGs) हासिल गर्न सघाउ पुऱ्याउने,

ट) प्रदेश सरकारको नीति तथा कार्यक्रममा समावेश भएको र

ठ) बहुवर्षीय आयोजनाको लागि उपलब्ध स्रोतको बारेमा आर्थिक मामिला तथा योजना मन्त्रालयको परामर्श लिएको ।

४. **<u>आयोजनाको स्वीकृतिः</u>** (१) दफा ३ बमोजिमको मापदण्ड पुरा भएका आयोजनाहरु मध्ये बहुवर्षीय आयोजनाको रुपमा सञ्चालन गरिने आयोजनाको विवरण अनुसूची-१ बमोजिमको ढाँचामा सम्बन्धित मन्त्रालयले स्वीकृतिका लागि आयोगमा पठाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम आयोजनाको विवरण प्राप्त भएको सात दिन भित्र आयोगले स्रोत सुनिश्चितताको लागि मन्त्रालयमा लेखि पठाउनुपर्नेछ।

(३) उपदफा (२) बमोजिम आयोगबाट स्रोत सुनिश्चितताको लागि लेखि आएकोमा मन्त्रालयले सात दिन भित्र स्रोत सुनिश्चितता गर्न सकिने नसकिने सम्बन्धमा निर्णयगरी आयोगमा लेखि पठाउनुपर्नेछ ।

(४) उपदफा (३) बमोजिम मन्त्रालयबाट स्रोत सुनिश्चितता प्राप्त भएको पन्ध्र दिन भित्र आयोगले निर्णय गर्नुपर्नेछ ।

५. **<u>आयोजनाको कार्यान्वयन:</u>** (१) दफा ४ बमोजिम स्वीकृति प्राप्त आयोजना कार्यान्वयनका लागि आयोजना सञ्चालन गर्ने निकायले बहुवर्षीय ठेक्का गर्नेछ।

(२) बहुवर्षीय ठेक्का गर्दा सार्वजनिक खरिद सम्बन्धी तथा आर्थिक कार्यविधि सम्बन्धी प्रचलित कानूनको प्रकृया पुरा गर्नुपर्नेछ ।

६. **<u>आयोजनाको भुक्तानी:</u>** (१) बहुवर्षीय ठेक्का वापतको रकम भुक्तानी प्रचलित कानून बमोजिम हुनेछ ।

(२) निर्माण व्यवसायीले आयोजनाको काम सम्झौतामा तोकिएको आर्थिक वर्ष भन्दा अगावै सम्पन्न गरेमा सम्बन्धित मन्त्रालयले मन्त्रालयको सहमति लिई बहुवर्षीय ठेक्काको रकम भुक्तानी गर्न सक्नेछ ।

७. **<u>विशिष्टीकृत मापदण्ड बनाउन सक्ने:</u>** आयोजनाको कार्यप्रकृति र विषयका आधारमा सम्बन्धित मन्त्रालयहरुले आफ्नो विषयक्षेत्रमा सञ्चालन हुने आयोजना वा कार्यक्रमहरुको हकमा यो मापदण्डको प्रतिकूल नहुने गरी आयोग र मन्त्रालयको सहमती लिइ क्षेत्रगत (विशिष्टीकृत) मापदण्ड बनाउन सक्नेछन् ।

८. **<u>बाधा अड्काउ फुकाउन सक्ने:</u>** यो मापदण्डको कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा आयोगको बैठकको निर्णयबाट बाधा अड्काउ फुकाउन सकिनेछ ।

## अनुसूची-१

### (दफा ४ को उपदफा १ सँग सम्बन्धित)

### वहुवर्षीय आयोजना प्रस्ताव

१. मन्त्रालयको नामः-

२. आयोजनाको नामः-

३. आयोजना कार्यान्वयन गर्ने निकायः-

४. आयोजना सञ्चालन हुने -क) जिल्लाः ख) उप म.न.पा./न.पा./गा.पा.- ग) वडा नं.-घ) स्थानः-

५. आयोजनाबाट लाभान्वित जनसंख्याः-

६. आयोजनाले श्रृजना गर्ने रोजगारी विवरणः-

७. आयोजनाको कूल लागतः-

८. आर्थिक वर्ष अनुसारको दायित्वः-

क) चालु (प्रथम) आर्थिक वर्ष ........................... को ............

ख) आगामी (दोश्रो) आर्थिक वर्ष.............................को............

ग) आगामी (तेश्रो) आर्थिक वर्ष ..........................को ...............

९. प्रदेश सरकारको नीति तथा कार्यक्रमको आयोजनासँग सम्बन्धित बुँदा नं.....

१०. आवधिक योजनाको आयोजनासँग सम्बन्धित विषय क्षेत्र.....

११. आवधिक योजनाको आयोजनासँग सम्बन्धित रणनीतिक स्तम्भ.....

१२. आर्थिक मामिला तथा योजना मन्त्रालयको राय/परामर्श लिनुपर्ने भएमा सो प्राप्त भए/नभएको

१३. मध्यमकालीन खर्च संरचना बमोजिम

क) व.उ.शि.नं. :-

ख) आयोजना शुरु र सम्पन्न हुने मितिः-

ग) कूल लागत (रु. लाखमा) :-

घ) चालु आ. व. ............मा विनियोजित बजेटः-

ङ) प्रमुख प्रतिफलः-

**आज्ञाले,**

**टेकनारायण पाण्डे**

**सचिव**